# आरएसडिसी लघूवित्त वित्तीय संस्था लिमिटेड

**RSDC Laghubitta Bittiya Sanstha Ltd.**

केन्द्रीय कार्यालय, बुटवल १२, रुपन्देही

फोन नं. ०७१ ४३८५१३ फ्याक्स नं. ०७१ ४३८५१३, इमेल: info@rsdcmf.com


(कम्पनि ऐन, २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनकोलागि प्रकाशित विवरण)

## आरएसडिसी लघूवित्त वित्तीय संस्था बैंक लि. को तेश्रो वार्षिक साधारणसभाको काम कारवाहीको विवरण (माईन्युट)

### १. वैधानिक सभा

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७३ फाल्गुण १६ गते बसेको ४५औं संचालक समितिको वैठकले निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ र आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को नियमावलीको परिच्छेद ३ को दफा २३ बमोजिम वोलाईएको तेश्रो वार्षिक साधारणसभा वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमको प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु सहित समापन भयो ।

### २. सभा संचालन मिति, समय र स्थान:

मिति : २०७३ साल चैत्र १२ गते शनिवार (तदनुसार मार्च २५, २०१७)

समय : शुरुवात: विहानको ९:०० बजे र समापन: १२.३० बजे ।

स्थान : एशियन होटल, कालिकानगर, बुटबल, रुपन्देही ।

### ३.सभाको सुचना

वित्तीय संस्थाको तेश्रो बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम मिति २०७३।११।२० र २०७३।११।२२ गतेको राष्ट्रियस्तरको अभियान आर्थिक दैनिकमा छलफलका बिषयसुची, सभा हुने मिति, स्थान र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साथै संचालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन शेयर सदस्यको ठेगानामा पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

### ४. उपस्थिति :

वित्तीय संस्थाको तेश्रो वार्षिक साधारण सभामा संचालक डा. ईन्द्रप्रसाद तिवारी विदेश भ्रमणमा रहनु भएकोले उपस्थित हुन नसक्नु भएको कम्पनी सचिवबाट जानकारी गराईयो भने अन्य तपशील बमोजिमका संचालकहरुको उपस्थिति रहेको थियो ।

<u>संचालक समिति</u>

१. श्री राजेन्द्रप्रसाद दाहाल, अध्यक्ष

अध्यक्ष

२. श्री अजयमणी दीक्षित, सदस्य

३. श्री चन्द्रराज शर्मा, सदस्य

४. श्री शिवप्रसाद बस्याल, सदस्य

५. श्री जीत बहादुर रास्कोटी, सदस्य

६. श्री हरिप्रसाद भट्टराई, सदस्य

**आमन्त्रित, पर्यवेक्षक र कर्मचारी**

१. श्री मेखबहादुर थापा, महाप्रबन्धक, एनआईबिएल क्यापिटल, काठमाण्डौ

२. श्री दामोदर जोशी, प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

३. श्री रामप्रसाद पन्थी, वरिष्ठ प्रबन्धक

४. श्री रविन्द्र न्यौपाने, प्रबन्धक

५. श्री पारशमणी ज्ञवाली, स. प्रबन्धक

६. श्री अनन्तराज पन्त, स. प्रबन्धक

७. श्री मिलन अधिकारी, लेखा अधिकृत

८. श्री विन्दु न्यौपाने, क. अधिकृत

९. श्री दीक्षा खनाल, सहायक

१०. श्री शिवप्रसाद घिमिरे, मेसेन्जर

११. श्री कृष्णप्रसाद श्रेष्ठ, चालक

१२. श्री चुनकला भण्डारी, कार्यालय सहायक

**शेयरधनिको उपस्थिति**

शेयरधनिको स्वयंम उपस्थितिः १५९ जना

प्रोक्सी मार्फत उपस्थितिः २१

जम्मा शेयरको सभामा प्रतिनिधित्व : ५,४९,८२७ कित्ता (५४.९८%)

## ५. साधारणसभाका प्रस्तावहरु

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७२/७३ माथि छलफल गरि पारित गर्ने ।

२. आर्थिक बर्ष २०७२/७३ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह बिवरण तथा विभिन्न अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७३/७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने (वर्तमान लेखा परिक्षक खगेन्द्र एण्ड एशोसीयट्सका श्री खगेन्द्रप्रसाद भट्टराई पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र नीजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिवाट प्रस्ताव गरिएको वोनश शेयर वापतको कर प्रयोजनार्थ रु. ७,८९,४७४।-) नगद लाभांस पारित गर्ने ।

५. सर्वसाधारण शेयरधनी (समुह-ख) को तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

अध्यक्ष

ख) बिशेष प्रस्ताव :

१. सञ्चालक समितिबाट प्रस्तावित १५ प्रतिशत बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने ।
२. बोनस शेयर वितरण पश्चात कायम हुने चुक्तापूंजिमा १:२ को अनुपातमा (१ बराबर २) हकप्रद शेयर जारी गर्ने ।
३. वित्तीय संस्थाको वर्तमान अधिकृत पुजी रु. २० करोड र जारी तथा चुक्ता पुंजी रु. १० करोडबाट बृद्धि गरि अधिकृत पुँजी, जारी पुंजि र चुक्ता पुंजी रु. ३४ करोड ५० लाख पुऱ्याउने ।
४. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूंजि सम्बन्धि व्यवस्था र दफा १५ को उद्घोषण सम्बन्धि व्यवस्थामा संशोधन/परिमार्जन गर्ने ।
५. वित्तीय संस्थाको नियमावलीको दफा ३(घ), दफा २७(२), दफा ३१(क), दफा ३२(१), दफा ४२(१) र दफा ५३ मा आवस्यक संशोधन तथा परिमार्जन गर्ने ।
६. माथि उल्लेखित कार्यहरु गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृत पश्चात प्रबन्धपत्र तथा नियमावलीमा आवस्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

ग) विविध :

## ६. साधारणसभाको वैधानिकता

कम्पनी ऐन २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरि यो सभा वोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनिहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारण सभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको उपस्थिति संख्या १५९ जना रहेको र यसले कुल ५४.९८ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने हुनाले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी गराउंदै आजको तेश्रो वार्षिक साधारण सभाले वैधानिकता पाउनको लागि सवै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव दामोदर जोशीले गराउनु भयो । तत्पश्चात वित्तीय संस्थाको तेश्रो वार्षिक साधारण सभाको अध्यक्षता नियमानुसार अध्यक्षज्यूले गर्नुपर्ने भएकोले श्री राजेन्द्रप्रसाद दाहालज्यूले अध्यक्षताको आसनग्रहण गर्नुको साथै क्रमश सम्पुर्ण संचालक तथा उपस्थित आमन्त्रित व्यक्तिहरुको साथै शेयरधनिहरुलाई आसन ग्रहण गराईयो र अध्यक्षज्यूबाट पानशमा बत्ति वालेर साधारणसभाको उद्घाटन गर्दै विधिवतः प्रकृया शुरु गरियो ।

## ७. कम्पनी सचिवको प्रस्तुती

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको तेश्रो वार्षिक साधारणसभामा स्वागत गर्दै कम्पनी सचिव दामोदर जोशीले वित्तीय संस्थाको २०७३ चैत्र ११ गते बसेको संचालक समितिको ४६औं वैठकले श्री राजेन्द्र प्रसाद दाहाललाई अध्यक्षमा निर्वाचित गरेको जानकारी सम्मानित सभामा गराउनु भयो । त्यस्तै वित्तीय संस्थाका संस्थापक शेयरधनी डा. हरिहरदेव पन्तज्यू र श्री डिल्लीराज ज्ञवालीज्यूको असामयिक निधनप्रति वित्तीय संस्थाको तर्फबाट समवेदना व्यक्त गरियो । सभाको औपचारिक कार्यक्रमलाई अगाडि बढाउने क्रममा संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षज्यूलाई आग्रह गर्नु भयो । संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आरएसडिसी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्दै सभाको औपचारिक कार्यक्रमको शुभारम्भ गर्नु

अध्यक्ष

भयो । अध्यक्षज्यूको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदनमाथि जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गरियो ।

## ८. शेयरधनि महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु

साधारणसभाको खुलासत्रमा शेयरधनी महानुभावहरुको जिज्ञासा आउने क्रममा सर्वप्रथम श्री युगल बस्यालज्यूले स्टेजमा वोल्नको लागि अनुमति माग गरेकोमा स्टेजमा आमन्त्रण गरियो र उहांले वित्तीय संस्थाको कर्जा लगानी, नाफा, निष्कृय कर्जा आदि पक्षहरु सकारात्मक रहेको बताउदै विनाधितो कर्जा लगानी चुनौतिपूर्ण रहेको, वित्तीय सुचकांकहरु प्रतिशतमा उल्लेख भएको भए राम्रो हुने प्रतिकृया दिनुभयो साथै संचालकहरुको वैठक भत्ता अत्यन्त न्यून रहेकोमा प्रस्तावित बृद्धि सान्दर्भिक रहेको बताउदै प्रबन्ध संचालकको पारिश्रमिक बृद्धिबारे थप जानकारी माग गर्नुभयो । त्यस्तै शेयरधनी श्री रामप्रसाद न्यौपानेज्यूले आरएसडिसी लघुवित्त र आरएसडिसी संस्थापकको नामले धेरै अन्योलता सृजना गर्ने गरेकोले नाममा थप स्पष्टता ल्याउनु उपयुक्त हुने सुझाव दिनुभयो । छलफलको क्रममा शेयरधनी श्री यम बहादुर राउत, राजेन्द्र लम्साल, जगन्नाथ शर्माले संस्थापक शेयरको बारेमा थप स्पष्ट जानकारी माग गर्नुभयो । छलफलको क्रममा शेयरधनी श्री हरिप्रसाद न्यौपानेज्यू र श्री विष्णुप्रसाद पौड्यालज्यूले नियमावली शंसोधनका दफा ३२ (१) (ग) ई मा वास खर्चको सीमा तोक्नुपर्ने र संचालक समितिमा संस्थागत प्रतिनिधित्व नतोक्दा राम्रो हुने सुझाव दिनुभयो । छलफलमा भाग लिन ईच्छुक व्यक्तिहरु वांकी नभएकोले जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सत्र अन्त्य गरियो ।

## ९. शेयरधनि महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर

उल्लेखित जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको लागि शेयरधनीहरुलाई धन्यवाद दिदै अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतले शेयरधनी महानुभावहरुले दिनु भएको हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो । जवाफ दिने क्रममा कम्पनी सचिवले वित्तीय संस्थाको नियमावलीमा प्रबन्ध संचालक राख्नुपर्ने अवस्थामा नीजको पारिश्रमिक नियमावलीमै उल्लेख गर्नुपर्ने हुनाले साविक व्यवस्थालाई अद्यावधिक मात्र गरिएको तर संस्थाले प्रबन्ध संचालकको व्यवस्था नगरेको र सो स्थानमा प्रमुख कार्यकारी अधिकृतको पदको व्यवस्था गरेको जानकारी गराउनुभयो । त्यसै समयमा संचालक श्री शिवप्रसाद बस्यालज्यू उल्लेखित पारिश्रमिक अध्यक्ष वा कुनैपनि संचालकले लिने गरेको पारिश्रमिक नभएको स्पष्ट गर्नुभयो । त्यस्तै कम्पनी सचिवबाट संस्थाको नामाकरणमा पर्न गएको अप्ठेरोप्रति वित्तीय संस्थाको ध्यानाकर्षण भएकाले आगामी दिनमा विचार गरिने जानकारी दिंदै संस्थापक शेयर र हकप्रद निष्काशन पश्चात कायम हुने शेयर संख्या उदाहरण सहित स्पष्ट पारिदिनु भयो । वित्तीय संस्थाको नियमावलीको दफा ३२ (१) (ग) ई संशोधन शेयरधनी महानुभावहरुको सल्लाह मुताविकनै आवस्यक परिमार्जन सहित निर्णयार्थ प्रस्तुत गरिने जानकारी गराउदै संचालक समितिको तर्फबाट कम्पनी सचिवले शेयरधनी महानुभावहरुको अन्य जिशासा तथा प्रश्नहरुको जवाफ दिनुभयो र प्राप्त केहि सकारात्मक प्रतिकृयाले काम गर्न थप हौसला मिलेको बताउदै सुझावको लागि कृतज्ञता व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव पश्चात कम्पनी सचिवले साधारणसभाका प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

अध्यक्ष

## १०. साधारणसभाको निर्णय

क) सामान्य प्रस्तावहरुको सन्दर्भमा:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७२/७३ माथि छलफल गरि पारित गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. १. बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालज्युले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७२/७३ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. आर्थिक बर्ष २०७२/७३ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह बिवरण तथा विभिन्न अनुसुचीहरु उपर छलफल गरि पारित गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. २. बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुंदा उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३. लेखापरिक्षण समिति तथा संचालक समितीको सिफारिस बमोजिम आ.व. २०७३/७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णय:**

प्रस्ताव नं. ३. बमोजिम आ.व. २०७३/७४ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिश सहितको प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट लेखा परीक्षण समितिको सिफारिश बमोजिम श्री खगेन्द्र एण्ड एसोशीयट्स का चार्टर्ड एकाउन्टेन्ट श्री खगेन्द्र प्रसाद भट्टराईलाई रु १,१५,०००/- (एकलाख पन्ध्रहजार) कर वाहेक पारिश्रमिक प्रदान गर्ने गरी आर्थिक वर्ष २०७३/७४ का लागि लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मत निर्णय भयो ।

४. सञ्चालक समितिवाट प्रस्ताव गरिएको वोनश शेयर वापतको कर प्रयोजनार्थ रु. ७,८९,४७४।-) नगद लाभांस पारित गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. ४ बमोजिम संचालक समितिबाट प्रस्तावित गरिएको वोनश शेयर वापतको कर प्रयोजनार्थ रु. ७,८९,४७४।- नगद लाभांस पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. सर्वसाधारण शेयरधनी (समुह-ख) को तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. ५ बमोजिम सर्वसाधारण शेयरधनी (समुह-ख) को तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्ताव अनुसार निर्वाचन अधिकृत श्री शेषनारायण भण्डारीज्यूले पूर्व प्रकाशित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवार मनोनयन गर्ने जम्मा ३ जना मात्र रहेकोले सोही

अध्यक्ष

अनुसार श्री अमर डंगोल महर्जन, श्री राजेन्द्र पन्त र श्री शान्ति प्रसाद उप्रेती निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

**ख) बिशेष प्रस्ताव :**

१. सञ्चालक समितिवाट प्रस्तावित १५ प्रतिशत बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने ।

**निर्णयः**

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. १ अनुसार संचालक समितिले प्रस्तावित गरे अनुरुप १५ प्रतिशत वोनश शेयर वितरण गर्न सम्मानित साधारण सभामा प्रस्ताव प्रस्तुत हुंदा हाल कायम शेयरमा १५ प्रतिशतका दरले वोनश वितरण गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

२. बोनस शेयर वितरण पश्चात कायम हुने चुक्तापंजीमा १:२ को अनुपातमा (१ बराबर २) हकप्रद शेयर जारी गर्ने ।

**निर्णयः**

विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. २ अनुसार संचालक समितिले प्रस्तावित गरे अनुरुप बोनस शेयर वितरण पश्चात कायम हुने चुक्तापूंजिमा १:२ को अनुपातमा (१ बराबर २) हकप्रद शेयर जारी गर्ने सम्मानित साधारण सभामा प्रस्ताव प्रस्तुत हुंदा १५ प्रतिशतका दरले बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.११,५०,००,०००/– को आधारमा १ : २ को अनुपातमा (१ कित्ता शेयर बराबर २ कित्ता नयाँ शेयर) हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो । साथै हकप्रद शेयर निष्काशन सम्बन्धी आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

३. वित्तीय संस्थाको वर्तमान अधिकृत पुंजी रु.२० करोड र जारी तथा चुक्ता पुंजी रु.१० करोडबाट बृद्धि गरि अधिकृत पुँजी, जारी पुंजि र चुक्ता पुंजी रु.३४ करोड ५० लाख पुऱ्याउने ।

**निर्णयः**

वित्तीय संस्थाको वर्तमान अधिकृत पुंजी रु. २० करोड र जारी तथा चुक्ता पुंजी रु. १० करोडबाट बृद्धि गरि अधिकृत पुँजी, जारी पुंजि र चुक्ता पुंजी रु. ३४ करोड ५० लाख पुऱ्याउने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुंदा वित्तीय संस्थाको अधिकृत, जारी र चुक्तापूंजि रु. ३४ करोड ५० लाख पुऱ्याउने सर्वसम्मत निर्णय गरियो ।

४. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूंजि सम्बन्धि व्यवस्था र दफा १५ को उद्घोषण सम्बन्धि व्यवस्थामा संशोधन/परिमार्जन गर्ने ।

**निर्णयः**

वित्तीय संस्थाको प्रस्ताव नं. ४ अर्न्तगतको प्रस्ताव अनुसार प्रबन्धपत्रको दफा ६ को पूंजि सम्बन्धि व्यवस्था र दफा १५ को उद्घोषण सम्बन्धि व्यवस्थामा संशोधन/परिमार्जन गर्ने प्रस्ताव साधारण सभामा प्रस्तुत हुंदा देहाय बमोजिमको संशोधित व्यवस्था पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।



अध्यक्ष

दफा ६ (क) वित्तीय संस्थाको अधिकृत पूँजी रु. ३४,५०,००,०००/– (चौतिस करोड पचास लाख रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ३४,५०,००० (चौतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.३४,५०,००,०००/–(चौतिस करोड पचास लाख रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ३४,५०,००० (चौतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३४,५०,००,०००/– (चौतिस करोड पचास लाख रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ३४,५०,००० (चौतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६० प्रतिशत हुनेछ ।

६(ङ-१) खारेज गर्ने

६(ङ-२) खारेज गर्ने

६(ङ-३) खारेज गर्ने

६(ङ) (३-१) बैंक अफ काठमाण्डौ लि.

दफा ६ (च) सर्वसाधारण शेयरधनीहरुलाई समूह “ख” मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ४० प्रतिशत हुनेछ ।

दफा ६ (झ)उपदफा (ज) अनुसारको पूंजि तथा स्वामित्व सम्बन्धि व्यवस्थामा नियामक निकायबाट पूंजिबृद्धिको निर्देशन वा अन्य कुनै कारणबाट हकप्रद शेयर जारी गर्न परेको अवस्थामा आफ्नो स्वामित्वको पुरै वा आंशिक हक धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही अन्य व्यक्ती तथा संस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

दफा १५ संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी “आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड” का संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

५. वित्तीय संस्थाको नियमावलीको दफा ३(घ), दफा २७ (२), दफा ३१ (क), दफा ३२ (१), दफा ४२ (१) र दफा ५३ मा आवश्यक संशोधन तथा परिमार्जन गर्ने ।

**निर्णय:**

वित्तीय संस्थाको विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ५ अनुसार वित्तीय संस्थाको नियमावलीको दफा ३(घ), दफा २७ (२), दफा ३१(क), दफा ३२(१), दफा ४२(१) र दफा ५३ को व्यवस्थामा संशोधन/परिमार्जन गर्ने प्रस्ताव साधारणसभामा प्रस्तुत हुंदा देहाय बमोजिमको संशोधित व्यवस्था पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**दफा ३ (घ)** “वित्तीय संस्था” भन्नाले आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ ।

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव



अध्यक्ष

**दफा २७** (२) यस वित्तीय संस्थामा ९ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित/ निर्वाचित ५ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुने छन्।

**दफा ३१** (क) संस्थापकहरु मध्ये ग्रामिण स्वावलम्बन विकास केन्द्रवाट २ जना, व्यक्तीगत लगानीकर्तावाट २ जना र बैंक अफ काठमाण्डौ लि. बाट १ जना गरी जम्मा ५ जना संचालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन्।

**दफा ३२(१)(क)** दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक रु.१,२५,०००/–(रुपैया एकलाख पच्चिस हजार)पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट वमोजिमको वास्ताविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ।

**दफा ३२(१)(ख)** सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्षले रु. ३,५००/-(रुपैया तिन हजार पांचसय) र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता रु.३,०००/- (तिनहजार) हुनेछ।

**दफा ३२(१)(ग)(आ)** भारतमा दैनिक भत्ता भा.रु.२,०००/–

**दफा ३२(१)(ग)(ई)** भ्रमणको क्रममा हुने बास खर्च अधिकतम रु.३,०००/– मा नबढ्ने गरि र यातायात खर्च विल वमोजिम।

**दफा ४२** (१) खारेज गर्ने।

**दफा ५३** **<u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण:</u>** हामी "आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड" को संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून वमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवुल गरेको शेयर र साक्षी सम्बन्धी ब्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा हठरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं।

६. माथि उल्लेखित कार्यहरु गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृत पश्चात प्रबन्धपत्र तथा नियमावलीमा आवस्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने।

**<u>निर्णय:</u>**

वित्तीय संस्थाको विशेष प्रस्ताव अर्न्तगत प्रस्ताव नं. ६ अनुसार साधारणसभाबाट पारित प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायबाट प्राप्त निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई अन्तिम रुप दिन र साधारण सभाका निर्णय कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो।

## १२. धन्यवाद तथा दोश्रो वार्षिक साधारणसभाको समापन

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले अध्यक्षज्यूले वित्तीय संस्थाको तेश्रो वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, विभिन्न नियमनकारी निकायहरु, लेखापरीक्षक, बैंक तथा वित्तीय संस्थाहरु, व्यवस्थापन तथा कर्मचारीहरु, सञ्चारजगत लगायतलाई धन्यवाद ज्ञापन गर्नु भयो र औपचारिक रुपमा तेश्रो बार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो।

**समाप्त**

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

अध्यक्ष